
# स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना तथा सञ्चालन प्रक्रिया




राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र नेपाल (NDRC, Nepal)

# स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना तथा सञ्चालन प्रक्रिया

राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र नेपाल (NDRC, Nepal)

**प्रकाशन विवरण**
स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना तथा सञ्चालन प्रक्रिया
प्रथम संस्करणः २०८२ (२०२५)

**प्रकाशक:**
राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र नेपाल (NDRC, Nepal)
लेखन / योगदानकर्ताः

- कृष्ण प्रसाद घिमिरे

सम्पादन मण्डलः

- श्याम सुन्दर ज्ञवाली
- सुरेश थापा
- सरिता कार्की

डिजाइन र लेआउटः

- प्रशुराम अधिकारी

मुद्रणः

- रोल्वालिङ अफसेट प्रेस,
  बानेश्वर, काठमाडौं, फोन नं. ९८५११०२२२९

ISBN : 9789905-9947-2-0

---

**"स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना तथा सञ्चालन प्रक्रिया"** नामक यो हातेपुस्तिका नेपाल पूर्वतयारी साझेदारी कार्यक्रम (NPP) सँग सम्बन्धित ज्ञान-सामग्रीका रुपमा तयार गरिएको हो। यो कार्यक्रम नेपाल सरकार, गृह मन्त्रालय अन्तर्गतको विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाको समन्वयमा सञ्चालन हुँदै आएको बहुपक्षीय पहल हो। यो अध्ययन सामग्री एसियाली पूर्वतयारी साझेदारी (APP) अन्तर्गत विकसित भई ADPC को प्रवर्द्धन तथा Gates Foundation को आर्थिक सहयोगमा ADRF परियोजना अन्तरगत ज्ञान, सिकाइ तथा अभिलेखिकरण प्रयोजनका लागि तयार गरिएको हो। नेपालमा यस परियोजनाको कार्यान्वयन NDRC Nepal ले गरिरहेको छ।

यस सामग्रीमा प्रस्तुत विचार, विश्लेषण र सुझावहरु केवल ज्ञान साझेदारी र सिकाइका लागि तयार गरिएको हुन् र यसले सम्बद्ध संस्थाहरुको आधिकारिक नीति वा धारणा अनिवार्य रुपमा प्रतिनिधित्व गर्दैन।


# विषयसूचि


| | | |
|---|---|---|
| १. | **पृष्ठभूमि** | १ |
| २. | **हाते पुस्तिकाको बारेमा** | ३ |
| ३. | **आपत्कालीन कार्यसञ्चालन केन्द्रको परिचय** | ४ |
| ४. | **विभिन्न तहमा रहेको आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूबीच हुने संचार प्रणालीको ढाँचा** | ५ |
| ५. | **स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको मुख्य उद्देश्य तथा कार्यहरु** | ६ |
| ६. | **स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) को आवश्यकता, कार्यक्षेत्र र जिम्मेवारी** | ७ |
| | ६.१. केन्द्रको आवश्यकता | ७ |
| | ६.२. केन्द्रको कार्यक्षेत्र | ७ |
| | ६.३. केन्द्रको जिम्मेवारी | ८ |
| ७. | **स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको संरचना र स्रोत साधनहरु** | ९ |
| | ७.१ केन्द्रमा रहने कर्मचारीको विवरणको ढाँचा | ९ |
| | ७.२ केन्द्रमा रहने सामग्रीको विवरण | ९ |
| | ७.३ सूचना सञ्चारका लागि देहाय बमोजिमका न्यूनतम सामग्री | १० |
| ८. | **स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना र सञ्चालनका चरणहरू** | ११ |
| ९. | **स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन प्रकृया** | १३ |
| १०. | **कार्यसञ्चालन कार्यविधी (Standard Operating Procedure–SOP) र यस अन्तरगतका कार्यहरू** | १४ |
| ११. | **सरोकारवालाहरूको संलग्नता र जिम्मेवारी** | १५ |
| १२. | **आपत्कालीन अवस्थामा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रका कार्यहरू** | १५ |
| १३. | **केन्द्रको कार्यसञ्चालन कार्यविधी (Standard Operating Procedure–SOP) निर्माण प्रक्रिया** | १६ |
| १४. | **स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको अनुगमन तथा मुल्याङ्कन** | १६ |
| १५. | **स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन कार्यविधी पुनरावलोकन तथा परिमार्जन** | १७ |
| | **सन्दर्भ सामग्री** | १७ |

## १. पृष्ठभूमि

नेपाल प्राकृतिक प्रकोपको दृष्टिले विश्वकै उच्च संकटासन्न मुलुकहरुमध्ये एक हो। यहाँ बारम्बार बाढी, पहिरो, आगलागी, हावाहुरी, भूकम्प, महामारी, असिना, चट्याङ, सडक दुर्घटना, हिमताल विस्फोटन, हिमपात, शीतलहर, र लुजस्ता प्राकृतिक र मानवजन्य प्रकोपहरु घटिरहने भएकाले नेपाललाई बहुप्रकोप जोखिमपूर्ण राष्ट्रका रुपमा मानिन्छ। प्रकोपका बारेमा गरिएका विभिन्न अध्ययन प्रतिवेदनहरुअनुसार, नेपाल बहुप्रकोप जोखिमका दृष्टिले २० औं, भूकम्पीय जोखिमका दृष्टिले ११ औं, र जलउत्पन्न प्रकोपका दृष्टिले ३० औं स्थानमा रहेको छ। त्यस्तै, जलवायु परिवर्तनको प्रभावले गर्दा नेपालको जोखिम थप उच्च बनेको छ।

विपद्को बेलामा सही सूचना समयमा नै प्राप्त भएमा मात्र प्रभावकारी पूर्वतयारी, प्रतिकार्य, र पुनर्स्थापनाको कार्य गर्न सहज हुन्छ। हाल नेपालका अधिकांश स्थानीय तहमा विपद् सम्बन्धी सूचनाहरुको अभिलेखीकरण र व्यवस्थापन प्रभावकारी नभएको अवस्थामा स्थानीय समुदाय, वडा तथा पालिकास्तरीय विपद् व्यवस्थापनका गतिविधिहरु प्रभावकारी बनाउन सूचनाको संकलन, सँग्रह, विश्लेषण, अभिलेखीकरण, र सम्प्रेषणलाई विशेष प्राथमिकता दिनुपर्ने आवश्यकता रहेको छ।



चित्र १: विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको समग्र ढाँचा

विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचाले सबै तह र क्षेत्रमा विपद् जोखिम सुशासन प्रवर्द्धन गर्न जोड दिएको छ। यसमा विशेषगरी दोस्रो प्राथमिकताले विपद् व्यवस्थापनका लागि प्रभावकारी सूचना प्रणालीको आवश्यकता औँल्याएको छ। सेण्डाई कार्यढाँचाको लक्ष्यअनुसार, सन् २०३० सम्म संवेदनशील संरचनाहरुमा हुने प्रकोपका प्रभावहरु घटाउँदै आधारभूत सेवाहरुमा हुने नोक्सानीलाई न्यून बनाउनुका साथै सामुदायिक क्षमतालाई वृद्धि गर्नुपर्ने उल्लेख छ।

मुलुकको सम्बैधानिक प्रावधान र संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तहबाट विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्य भइरहेको छ। विपद्बाट मानवीय क्षति, सार्वजनिक तथा नीजि सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाहरूको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित २०७५) कार्यान्वयनमा रहेको छ। नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ मा विपद् व्यवस्थापन सम्बन्धि राष्ट्रिय नीति, कानून, मापदण्डहरूको कार्यान्वयन र नियमन गर्न गराउन गृह मन्त्रालयलाई जिम्मेवारी प्रदान

गरी सोही अनुरूप राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना भई कार्यरत रहेको छ।

विपद् प्रतिकार्यको समयमा स्थानीय तहदेखि राष्ट्रिय तहसम्म नै तत्काल प्रतिकार्य गर्नका लागि सबै तहमा सूचनाको आवश्यकता पर्ने हुँदा छुट्टै संयन्त्र तथा प्रणाली स्थापना हुन आवश्यक भएकाले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन २०७५ सहित) को परिच्छेद - ४ प्राधिकरणको स्थापना तथा काम, कर्तव्य र अधिकारको दफा ११. प्राधिकरणको काम, कर्तव्य र अधिकारः (१) (थ) मा विपद्का सम्भावित घटनाको बारेमा सम्बन्धित सबै लाई पूर्व जानकारी गराउन, तत्काल सूचना सङ्कलन, विश्लेषण तथा सम्प्रेषण गर्न र खोज, उद्दार तथा राहत सम्बन्धी कार्यको समन्वय तथा परिचालन गर्न राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने उल्लेख गरिएको छ। यसै गरी उक्त ऐनको परिच्छेद - ७ जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समिति सम्बन्धी व्यवस्थाको दफा १६ (२) जिल्ला विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारको (ग) मा जिल्लास्तरमा रहेका आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन गर्ने र दफा १७. स्थानीय विपद् व्यवस्थापन समिति (२) स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार (ट) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दाफा ११ को (न) अन्तर्गत १० मा स्थानीय स्तरमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था गरिएको छ ।

यसका साथै विपद् व्यवस्थापनमा प्रयोग हुने आपत्कालीन संचारलाई व्यवस्थित गर्न संघ, प्रदेश र स्थानीय स्तरका आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूका बीचको संचार प्रणालीको तहगत आबद्धता र सञ्चालन सम्बन्धि मार्गनिर्देशन गरी आपसी समन्वय, एकरूपता र गुणस्तरीयता कायम गर्न गर्ने उद्देश्यले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ८ (द) र दफा ४८ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिले 'आपत्कालीन संचार प्रणालीको तहगत आवद्धता र सञ्चालन मापदण्ड २०७५' तर्जुमा गरी जारी गरेको छ ।

यसै सन्दर्भमा, स्थानीय तहमा विपद् व्यवस्थापनसँग सम्बन्धित सूचनाको अभिलेखीकरण र प्रसारणका लागि प्रभावकारी प्रणालीको विकास गर्न यो हातेपुस्तिका तयार गरिएको हो। समुदाय र वडास्तरमा विपद्सँग सम्बन्धित तथ्यांक व्यवस्थापन, सूचनाको साझा प्रणाली, र आपत्कालीन जानकारीको समयमै प्रसारण गर्न स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) को स्थापना र सञ्चालन महत्वपूर्ण कदम हो।

यो हातेपुस्तिकाले समुदाय र स्थानीय तहका प्रतिनिधिहरुलाई विपद्सम्बन्धी सूचना प्रणालीको महत्त्व बुझाउन, यसलाई प्रभावकारी रुपमा प्रयोग गर्न, र सूचनाको आधारमा जोखिम न्यूनीकरण पूर्वतयारी तथा प्रतिकार्य योजना बनाउने क्षमतालाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ। संघीय र प्रदेश सरकारको सहकार्यमा स्थानीय तहहरुले यसलाई मार्गदर्शक दस्तावेजका रुपमा प्रयोग गरी विपद् व्यवस्थापन र सुशासनलाई सुदृढ बनाउँदै समुदायलाई थप सुरक्षित बनाउन योगदान दिनेछन्।

## २. हाते पुस्तिकाको बारेमा

यस हाते पुस्तिकालाई महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका र गाउँपालिका लगायत वार्ड कार्यालयहरूले स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना र सञ्चालनका लागि मार्गदर्शकको रूपमा प्रयोग गर्न सक्ने गरि तयार गरिएको छ। यस हातेपुस्तिकाले स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना र सञ्चालन गर्न हरेक स्थानीय तहलाई आवस्यक मद्धत गर्दछ। यसका साथै यस हाते पुस्तिकाको प्रयोगबाट स्थानीय सरकारलाई निम्नानुसार सहयोग पुग्नेछ।

- यसको प्रयोगले स्थानीय सरकार तथा अन्य सरोकारवालाहरूलाई स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको आवश्यकता र महत्वको बोध गराउँछ।
- स्थानीय तहमा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गर्न आवश्यक प्रकृयाको बारेमा जानकारी प्रदान गर्दछ।
- यसले स्थानीय तहलाई स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको संरचनात्मक ढाँचाको विषयमा स्पष्टता प्रदान गर्दछ।
- यसले स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रका लागि आवश्यक श्रोत ब्यवस्थापन र बजेट विनियोजनका लागि सुझाव प्रदान गर्दछ ।
- यसले विपद् ब्यवस्थापन सुचना प्रणाली व्यवस्थापन गर्न मार्गनिर्देश गर्नुका साथै सरोकारवालाहरूवीच सुचना प्रसारण गर्न सहयोग गर्दछ।
- यसले आपत्कालीन गतिविधि, उद्धार तथा प्रतिकार्यलाइ प्राथमिकताका साथ सञ्चालन गर्न आवश्यक निर्णय प्रक्रियामा सहयोग गर्दछ।

## ३. आपत्कालीन कार्यसञ्चालन केन्द्रको परिचय

आपत्कालीन कार्यसञ्चालन केन्द्र (Emergency Operation Center – EOC) विपद् व्यवस्थापनको एउटा महत्त्वपूर्ण संरचना हो, जसले सूचनाको संकलन, मूल्यांकन, र प्रसारण गर्नुका साथै विपद्को समयमा समन्वय र सञ्चालनको भूमिकासमेत निर्वाह गर्दछ। विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका लागि आवश्यक निर्देशन, योजना, सञ्चालन, र व्यवस्थापनमा आपत्कालीन कार्यसञ्चालन केन्द्रले विशेष योगदान दिन्छ। नेपालमा संघीय संरचनाको अवलम्बनसँगै चार तहमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको व्यवस्था गरिएको छ।

**राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (National Emergency Operation Center – NEOC):** गृह मन्त्रालयको नेतृत्वमा सञ्चालन हुने यो केन्द्र राष्ट्रियस्तरमा विपद् व्यवस्थापनको समन्वय र मार्गदर्शनका लागि महत्त्वपूर्ण छ।

**प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्र (Provincial Emergency Operation Center):** प्रदेश सरकारको नेतृत्वमा प्रदेशस्तरीय समन्वय र आपत्कालीन व्यवस्थापनका गतिविधिहरु सञ्चालन गर्न यो केन्द्रले भूमिका खेल्छ।

**जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (District Emergency Operation Center – DEOC):** जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा सञ्चालित यस केन्द्रले जिल्लास्तरीय आपत्कालीन योजना र प्रतिकार्यमा ध्यान दिन्छ।

**स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (Local Emergency Operation Center – LEOC):** स्थानीय तहको नेतृत्वमा सञ्चालित यस केन्द्रले विपद्को समयमा समुदायस्तरीय समन्वय, सूचना व्यवस्थापन, र प्रभावकारी सञ्चालन सुनिश्चित गर्दछ।

## ४. विभिन्न तहमा रहेको आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूबीच हुने संचार प्रणालीको ढाँचा


आपत्कालीन संचार प्रणालीको तहगत आबद्धता र सञ्चालन मापदण्ड, २०७५ अनुसार राष्ट्रिय, प्रदेश तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूबीच हुने संचार प्रणालीको ढाँचा निम्नानुसार हुने व्यवस्था गरिएको छ।

(१) राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले संघीय स्तरमा रहेका आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू, सुरक्षा निकायहरू, प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूबीच रेडियो यन्त्रमार्फत संचार सम्पर्क स्थापित गर्नेछ। यस्तो संचार सम्पर्कका लागि देहाय अनुसार फ्रिक्वेन्सी व्यवस्थापन गरिनेछ।

(क) राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूसँग रेडियो यन्त्रको साझा फ्रिक्वेन्सी मार्फत संचार सम्पर्क गर्नेछ।

(ख) राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रले प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूसँग रेडियो यन्त्रको छुट्टै साझा फ्रिक्वेन्सी मार्फत संचार सम्पर्क गर्नेछ। यस्तो छुट्टै साझा फ्रिक्वेन्सी स्थापना भइ नसकेको हकमा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूसँग स्थापना गरेको रेडियो यन्त्रको साझा फ्रिक्वेन्सीमार्फत् नै प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूसँग संचार सम्पर्क गरिनेछ ।

(२) प्रदेश आपत्कालीन कार्यसञ्चालन केन्द्रले सम्बन्धित प्रदेश भित्रका जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रहरू तथा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूसँग समन्वय गरी रेडियो यन्त्रमार्फत संचार सम्पर्क स्थापित गर्न सक्नेछ ।




चित्र २: आपत्कालीन सञ्चार प्रणालीको समग्र ढाँचा

(३) यस संचार प्रणालीको ढाँचाले आपत्कालीन कार्यसञ्चालन केन्द्रबीच रेडियो यन्त्रबाहेकका अन्य संचारका साधनहरूबाट हुने सूचना आदान प्रदानलाई बाधा पार्ने छैन।

(४) रेडियो यन्त्रमार्फत हुने समग्र संचार प्रणालीको ढाँचा चित्र २ मा उल्लेख भए अनुरूपको हुनेछ ।

## ५. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको मुख्य उद्देश्य तथा कार्यहरु




चित्र ३: स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चार संयन्त्र

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको मुख्य उद्देश्य आपत्कालीन अवस्थामा सूचना व्यवस्थापन, स्रोत परिचालन, निर्णय लिने र कार्यान्वयन गर्ने प्रभावकारी संरचना स्थापना गर्नु हो। यस केन्द्रले एकल सम्पर्क बिन्दुको रुपमा भूमिका निर्वाह गर्दै शीघ्र र प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्नका साथै समन्वयकारी, सूचनामूलक, र निर्णायक भूमिकाको माध्यमबाट समुदायको पुनर्लाभ प्रक्रियालाई बलियो बनाउने लक्ष्य राख्दछ। साथै, स्रोत व्यवस्थापन र वितरणका कार्यहरु सँगसँगै आपत्कालीन अवस्थामा व्यवस्थित सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन केन्द्रले निर्देशन, योजना, र समन्वयात्मक गतिविधिहरु सञ्चालन गर्नेछ। यसका अतिरिक्त कार्यसञ्चालन केन्द्रले निम्नअनुसारका कार्यहरू गर्न सक्नेछ ।

- स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रका प्रमुखलाई सहयोग गर्ने।
- आवश्यकता अनुसार नीति निर्देशिकाहरू तर्जुमा गरी लागू गर्ने।
- कार्यक्षेत्रका क्रियाकलापहरूलाई मार्गदर्शन गर्ने।
- कार्यक्षेत्रमा प्रस्ताव गरेका विषय तथा कार्यहरूको सम्झौता गर्ने।
- समुदाय तथा वडा तहबाट विपद् सम्बन्धि सूचना संकलन गरी आफ्ना क्षेत्रका नागरिकलाइ आपत्कालीन सुचना सम्प्रेषण गर्न एकल आवाज प्रदान गर्ने।

# ६. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) को आवश्यकता, कार्यक्षेत्र र जिम्मेवारी

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) विपद् व्यवस्थापनमा सबैभन्दा निकटतम संरचना हो। यस केन्द्रले विपद् पूर्व, विपद्को समयमा, र विपद् पश्चात गरिने कार्यहरुको नेतृत्व गर्दै स्थानीय तहमा समन्वयकारी भूमिका खेल्छ। केन्द्रको महत्त्व, कार्यक्षेत्र र काम, कर्तव्य, अधिकार देहाय बमोजिम रहेको छ।

## ६.१. केन्द्रको आवश्यकता

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रले प्रमुख रुपमा निम्न कार्यहरु गर्ने भएकाले स्थानीय तहमा विपद् व्यवस्थापनका लागि यसको आवश्यकता तथा महत्त्व रहेको छ।

क) **सूचना संकलन र सम्प्रेषणः** विपद्सँग सम्बन्धित तथ्यांक, जोखिम क्षेत्र, र तत्कालका आवश्यकताका बारेमा सूचनाहरु संकलन गरी प्रभावकारी रुपमा सम्प्रेषण।

ख) **निर्देशन र योजनाः** स्थानीय तहमा विपद् व्यवस्थापनका लागि आवश्यक निर्देशन र योजना निर्माण।

ग) **श्रोत परिचालनः** उद्धार, राहत, र पुनःस्थापनाका लागि विद्यमान श्रोत र साधनको समुचित परिचालन।

घ) **समन्वयः** सुरक्षा निकाय, गैरसरकारी संस्था, र अन्य सरोकारवालाहरुसँगको सहकार्य र समन्वय।

ङ) **सञ्चारः** प्राथमिक र द्वितीय सञ्चार प्रणालीहरु मार्फत सूचना प्रवाहलाई सहज बनाउँदै आपत्कालीन अवस्थाको अपडेट दिने।

## ६.२. केन्द्रको कार्यक्षेत्र

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यक्षेत्र देहाय बमोजिम हुनेछः-

क) स्थानीय विपद् व्यवस्थापन समितिबाट तयार योजना तथा कार्यक्रमको अधीनमा रही कार्य गर्ने,

ख) आफ्नो क्षेत्रभित्र विपद् पूर्वतयारी र प्रतिकार्य सम्बन्धी कार्य गर्ने,

ग) स्थानीय तहमा विपद् व्यवस्थापन सूचना प्रणाली स्थापना तथा सञ्चालन गरी पूर्वसूचना संकलन, विश्लेषण र प्रवाह गर्ने,

घ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारूणयन्त्र लगायतका अन्य उपकरणहरू तयारी अवस्थामा राख्ने तथा सञ्चालन गर्ने/गर्न लगाउने,

ङ) विपद्को समयमा खोज तथा उद्धार र राहतमा परिचालन गर्न जनशक्ति, स्रोत साधन तयारी अवस्थामा राख्ने/राख्न लगाउने,

च) स्थानीय विपद् व्यवस्थापन समिति र वडा स्तरमा यस्तो समिति भएमा सो समितिसँग प्रत्यक्ष समन्वय र सहकार्यमा अन्य कार्यहरू गर्ने/गराउने,

छ) स्थानीय विपद् व्यवस्थापन समितिले तोकेका अन्य कार्यहरू।

## ६.३. केन्द्रको जिम्मेवारी

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रले आफ्नो कार्यक्षेत्रभित्र विपद् पूर्वतयारी, प्रतिकार्य तथा पुनर्लाभिका सम्बन्धमा देहाय बमोजिमका कार्य गर्नेछः-

क) आफ्नो क्षेत्रभित्र विपद्जन्य घटनाबाट हुनसक्ने वा भएको क्षतिको जानकारी प्राप्त हुनासाथ केन्द्रको आन्तरिक बैठक बस्नु पर्नेछ र सोको जानकारी विपद् व्यवस्थापन समितिलाई दिने,

ख) विपद्का घटना भईहालेको अवस्थामा बैठक बस्नु पहिले नै खोज तथा उद्धार गर्न नजिकको सुरक्षा निकाय र विपद् व्यवस्थापन समितिलाई अनुरोध गर्ने,

ग) बैठकले कार्यक्षेत्रभित्रको अवस्था विश्लेषण गरी विपद् व्यवस्थापन समितिसँग विपद् प्रतिकार्यमा सक्रिय हुने विषयगत क्षेत्रलाई सक्रिय बनाउन अनुरोध गर्ने,

घ) आवश्यकता बमोजिम शीघ्र पुनर्लाभिका कार्य सञ्चालन गर्न आवश्यक स्रोत व्यवस्था तथा कार्यान्वयनका लागि गाउँपालिका/नगरपालिकाको स्रोत परिचालन गरी तोकिएको निकायसँग समन्वय गर्ने,

ङ) स्थानीय तहको सम्पर्क व्यक्ति तथा समन्वयकर्ताको रुपमा काम गर्ने,

च) मानवीय सहायता सम्बन्धी सबै प्रकारका कार्य गर्न वा गराउन सहयोग र सहजीकरण गर्ने,

छ) आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र तथा अन्य आपत्कालीन कार्य सञ्चालन केन्द्र र तालुकदार निकायसँग समन्वय गर्ने,

ज) आपत्कालीन खोज उद्धार तथा राहत सामग्री व्यवस्थापन स्थानीय आपत्कालीन गोदामघरसंग समन्वय गर्ने,

झ) आफ्नो कार्यक्षेत्रभित्रका घटनाको सूचना तथा तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण गरी विपद्का सूचना तथा तथ्याङ्कको विपद् व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरी अद्यावधिक गर्ने र गाउँपालिका/नगरपालिका तथा सरोकारवाला निकायलाई उपलब्ध गराउने,

ञ) आफ्नो कार्यक्षेत्रभित्र क्षमता विकासका क्षेत्र पहिचान गरी कार्यक्रम सञ्चालन गर्ने वा गर्न लगाउने,


ट) विपद्को सामना गर्न गाउँपालिका/नगरपालिकाको साधन-स्रोत र क्षमताबाट संभव नभएमा जिल्ला, प्रदेश, केन्द्र र साझेदार संस्थाहरूबाट सहयोग माग गर्ने,

ठ) केन्द्रमा प्राप्त सबै प्रकारका सूचनाहरु तत्काल प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने,

ड) स्थानीय विपद् व्यवस्थापन समितिद्वारा तोकिएका अन्य कार्यहरू गर्ने,

## ७. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको संरचना र स्रोत साधनहरु

हरेक स्थानीय तहमा गठन हुने स्थानीय विपद् व्यवस्थापन समिति अन्तरगत रहेर क्रियाशील रहने गरी स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यगत संरचनाको व्यवस्था मिलाइएको छ। यो केन्द्र सञ्चालनका लागि विभिन्न प्रकारका फर्निचर, सञ्चार उपकरण, सूचना बोर्ड, उद्धार सामग्री, प्राथमिक उपचार किट, स्टेशनरी, र अन्य आवश्यक सामग्रीहरुको व्यवस्थापन गरेर आफ्ना कार्यहरु सम्पन्न गर्दछ। यसले स्थानीय सरकारलाई विपद् व्यवस्थापनका क्षेत्रमा अन्तर निकाय समन्वय र सहकार्य गर्न सक्षम बनाउँछ।




चित्र ४: स्थानीय आपत्कालीन केन्द्रको कार्यगत संरचना

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालनको प्रमुख भूमिका यस केन्द्रमा खटिने केन्द्र प्रमुखको जिम्मेवारी महत्त्वपूर्ण हुन्छ। केन्द्र प्रमुखले आवश्यकताअनुसार सूचना तथा सञ्चार व्यवस्थापन र सम्प्रेषण, सुरक्षा निकायहरुसँगको समन्वयमा खोज उद्धार, र विपद् प्रतिकार्यका लागि स्रोत साधन परिचालन तथा केन्द्रको आन्तरिक व्यवस्थापनमा ध्यान दिनुपर्छ। यसका साथै, केन्द्रले स्थानीय तहलाई समग्र विपद् व्यवस्थापनका लागि प्रभावकारी संरचना र योजनाहरु प्रदान गर्दछ।

स्थानीय तहको भूगोल, जनसङ्ख्या, विपद् जोखिमको अवस्थाका आधारमा आपत्कालीन कार्यसञ्चालन केन्द्र के कस्तो क्षमतामा सञ्चालन गर्ने भन्ने विषय निर्भर गर्दछ। सामान्यतया केन्द्रका लागि आवश्यकता र क्षमताका आधारमा देहाय बमोजिमका जनशक्ति सहितको संगठन संरचना, उपकरण सहितको पूर्वाधार र जनशक्तिको क्षमता अभिवृद्धि तालिमको आवश्यक पर्दछ।

### ७. १ केन्द्रमा रहने कर्मचारीको विवरणको ढाँचा

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रमा विपद् जोखिमको अवस्था, केन्द्रको आवश्यकता अनुसार गाउँपालिका/ नगरपालिकाका विपद् व्यवस्थापन समिति वा प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी केन्द्र प्रमुख रहने व्यवस्था रहेको छ। यसका साथै केन्द्रमा सूचना तथा सञ्चार अधिकृत, प्रशासन सहायक, नगर प्रहरी र परिचरको व्यवस्था गर्नुपर्दछ।

### ७. २ केन्द्रमा रहने सामग्रीको विवरण

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको नियमित रुपमा सञ्चालनका लागि निम्न सामग्रीको व्यवस्था मिलाउनु पर्नेछः

- स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र सञ्चालनका लागि कार्यालय कक्ष तथा मसलन्द

- कार्यालय सञ्चालनका लागि आवस्यक फर्निचर,
- कम्तीमा ७ दिनका लागि पुग्ने खाद्यान्न तथा पानी,
- आपत्कालीन समयको लागि चाहिने अत्यावश्यक औषधि तथा महिला, शिशुलाई आवश्यक सेनिटरी प्याड, डाइपर जस्ता सामग्री
- आपत्कालीन समयमा उद्धारका लागि चाहिने अन्य सामग्रीहरू

### ७. ३ सूचना सञ्चारका लागि देहाय वमोजिमका न्यूनतम सामग्री

- टेलिफोन
- रेडियो सेट
- सेटलाइट फोन
- कम्प्युटर
- प्रिन्टर
- इन्टरनेट सुविधा
- पावर व्याकअपका लागि जेनेरटर र/वा सौर्य उर्जा
- इन्धन - जेनेरेटर तथा अन्य प्रयोजनका लागि)

उल्लिखित सामानको विवरण नियमित रुपमा अद्यावधिक गरी जिन्सीको जिम्मेवार कर्मचारीले लगत राख्ने व्यवस्था मिलाउनु पर्दछ। मेसिनरी सामग्रीको सञ्चालन विधि सम्बन्धी जानकारी सरल भाषामा लेखेर उपकरण संगैको भित्तामा टाँसेर राख्ने व्यवस्था मिलाउनु पर्नेछ। सबै उपकरणहरूको सञ्चालन विधि पुस्तिकाहरू सञ्चार कक्षमा राखिनेछ। त्यस्ता उपकरणहरूको ब्याट्री चार्ज भए नभएको र चालु हालतमा भए नभएको विषयमा नियमीत रूपमा परिक्षण गरी कुनै सामग्री अन्यत्र कतै सापटी लगिएमा सो को अभिलेख राख्ने।

यसका साथै केन्द्रमा खटिने कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी तथा सेमिनारहरु सञ्चालनको कार्यतालिका सहित योजना तयार गरी लागु गर्नुपर्दछ।

## ८. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना र सञ्चालनका चरणहरू

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापनालाई योजनाबद्ध, समन्वयात्मक र दिगो बनाउन निम्न चरणहरुमा कार्य गर्नुपर्छ।

**पूर्वतयारी चरण**

- विपद् जोखिम मूल्याङ्कन र विश्लेषण गरेर स्थानीय तहको आपत्कालीन आवश्यकतालाई पहिचान गर्ने।
- कार्यसञ्चालन केन्द्र स्थापनाको आवश्यकता र सम्भाव्यता अध्ययन गर्ने।
- कार्ययोजना र कार्यतालिका तयार गर्ने।
- स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र सरोकारवाला निकायहरुसँग छलफल तथा सहमति जुटाउने।

**नीति र कानुनी व्यवस्था**

- केन्द्र स्थापना तथा सञ्चालनका लागि आवश्यक कानुनी र नीतिगत व्यवस्था निर्माण गर्ने।
- स्वीकृत खाका बमोजिम स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापनाको लागि आवश्यक स्थान, जनशक्ति, सुविधा, उपकरण तथा कोषको व्यवस्था गरी विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ बमोजिम स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापना गरी केन्द्र प्रमुख र सुचना अधिकारी तोक्ने।
- कार्यसञ्चालन केन्द्रको नेतृत्व, जिम्मेवारी, र संरचना निर्धारण गरी नियमित सातै दिन/२४ सै घण्टा सञ्चालनको व्यवस्था मिलाउने।
- केन्द्रको कार्यसञ्चालन कार्यविधी (Standard Operating Procedure–SOP) तयार गर्ने।

**सञ्चार तथा भौतिक पूर्वाधार निर्माण**

- कार्यसञ्चालन केन्द्रको लागि स्थान छनोट र कार्यालयको पूर्वाधार निर्माण/व्यवस्था गर्ने।
- आवश्यक फर्निचर, प्रविधि उपकरण (जस्तैः कम्प्युटर, डिजिटल सूचनापाटी, टेलिफोन, इन्टरनेट), सञ्चार प्रणाली र पावर ब्याकअपको व्यवस्थापन गर्ने।
- सूचना संकलन, व्यवस्थापन र प्रसारणका लागि भौतिक साधनहरु तथा प्रारम्भिक द्रुत लेखाजोखा (Initial Rapid Assessment – IRA), बहु क्षेत्रगत द्रुत लेखाजोखा (Multi–cluster Initial Rapid Assessment – MIRA), क्षेत्रगत विशिष्ट तथ्याङ्क लेखाजोखा (Cluster Specific Data Assessment – CSDA) लगायतका सूचना संकलनका फारमहरु र अवस्था प्रतिवेदन (Situation Report – SitRep) का लागि फारमहरु उपलब्ध गराउने।

**जनशक्ति व्यवस्थापन र क्षमता विकास**

- केन्द्र सञ्चालनका लागि आवश्यक जनशक्ति नियुक्ति गर्ने।
- केन्द्र प्रमुख, प्राविधिक टोली, र अन्य कर्मचारीहरुको भूमिका र जिम्मेवारी निर्धारण गर्ने।
- विपद् व्यवस्थापन, सूचना प्रवाह, र समन्वयका विषयमा जनशक्तिको क्षमता अभिवृद्धि गर्न तालिम र अभिमुखीकरण सञ्चालन।

**केन्द्रको परीक्षण र सञ्चालन**

- कार्यसञ्चालन केन्द्रको कार्यप्रणाली परीक्षण गर्न पूर्वाभ्यास (Mock Drill) गर्ने।
- केन्द्रबाट विपद् सम्बन्धी सूचना संकलन, मूल्यांकन, र प्रसारणको प्रक्रिया परीक्षण गर्ने।
- कार्यसञ्चालन केन्द्रको सञ्चालनका लागि अनुगमन, मूल्याङ्कन, र प्रतिवेदन प्रणाली स्थापना गर्ने।
- विपद्को समयमा प्रभावकारी सञ्चार र समन्वय सुनिश्चित गर्दै केन्द्रको निरन्तर सञ्चालन गर्ने।

**समीक्षा र सुधार**

- केन्द्र सञ्चालनको प्रभावकारिता मूल्यांकन गर्ने।
- अनुभव, सिकाइ र कमजोरीहरुको पहिचान गरेर आवश्यक सुधारका उपाय अपनाउने।
- स्थानीय तहका सरोकारवालाको समन्वयमा नियमित समीक्षा बैठक आयोजना गर्ने।

## ९. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालन प्रकृया

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र एकपटक सक्रिय भएपछि नियमित ८/९ घण्टाको अन्तरालमा पालो परिवर्तन गरी नियमित रुपमा सातै दिन/२४ सै घण्टा सञ्चालन गर्नुपर्ने हुन्छ। स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र सक्रीय भएको अवस्थामा केन्द्रका प्रमुखले कुन कर्मचारीले कुन अवधिसम्म काम गर्ने र कुन कर्मचारी तयारी अवस्थामा बस्ने भन्ने विषयमा आवश्यक व्यवस्था गरी कार्यरत कर्मचारीको कार्यसमयको तालिका दुरूस्त राख्नुपर्नेछ। सबन्धित कर्मचारीले आफ्नो समय तालिकाको काम सकिएपछि सो काम जिम्मा लिने अर्को कर्मचारीलाई आफूले गरेको काम र तत्काल गर्नुपर्ने कामबारे विस्तृत जानकारी गराउनु पर्नेछ। एउटा समयतालिका र अर्को समयतालिका बीचमा ३० मिनेट समय खप्टिने व्यवस्था गर्नुपर्ने हुन्छ। नयाँ कार्यसमयमा काम गर्ने कर्मचारीलाई अघिल्लो समय तालिकामा काम गर्ने कर्मचारीले २० मिनेट पूरा जानकारी दिने र अर्को १० मिनेटमा काम हस्तान्तरणका लागि छुट्ट्याउनु पर्नेछ।

## १०. कार्यसञ्चालन कार्यविधी (Standard Operating Procedure–SOP) र यस अन्तरगतका कार्यहरू

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाइ व्यवस्थित रुपमा सञ्चालन तथा व्यवस्थापन गर्नका लागि कार्यसञ्चालन कार्यविधी (Standard Operating Procedure–SOP) तर्जुमा गरी लागु गरिने छ। उक्त कार्यविधीमा निम्न कार्यहरूलाई व्यवस्थित रुपमा उल्लेख गरिएको हुन्छ।

**१. सुचना**

- सूचना तथा तथ्यांक संकलन, संग्रह र भण्डारण
- तथ्यांक प्रमाणिकरण र विश्लेषण
- मानवीय सहयोग निकायहरूवीच सुचनाको आदानप्रदान

**२. अभिलेखीकरण र सम्प्रेषण**

- विपद् व्यवस्थापन सुचना पद्धति, नक्शांकन, सर्वेक्षण प्रश्नावली तथा मोवाइल एप्सहरूको व्यवस्थापन
- सञ्जालहरूको (Networking) निर्माण र प्रवेश
- सूचना, विज्ञप्ती तथा समाचारहरूको सम्प्रेषण

**३. प्रतिवेदन**

- अवस्था विश्लेषण प्रतिवेदन (Situation– Report) तयार गर्ने
- जिल्ला, प्रदेश तथा सहयोगी निकायहरूको सहयोगमा विपद्को अवस्था विश्लेषण गर्ने र प्रतिवेदन तयार गरी पेश गर्ने
- आवधिक रुपमा सूचनाहरूको समीक्षा, अद्यावधिक र संक्षेपीकरण गर्ने।

**४. सम्बन्ध तथा समन्वय विस्तार गर्ने**

- जिल्ला, प्रदेश र राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग नियमित रुपमा समन्वय गर्ने
- साझेदार निकायहरु, शैक्षिक क्षेत्र, विपद्का क्षेत्रमा कार्यरत संघसंस्थाहरु, नीजि क्षेत्र लगायतका सरोकारवालाहरुसंग समन्वय र नियमित रुपमा सम्पर्कमा रही कार्य गर्ने।

**५. अन्य भूमिका**

- सुरक्षा निकायहरू तथा मानवीय कार्यमा सहयोगी निकायहरूवीच समन्वय स्थापित गर्ने
- विषयगत क्षेत्र (Cluster) हरूसँग समन्वयका लागि सहजीकरण गर्ने
- विभिन्न उपकरणहरूको व्यवस्थापन र प्रयोग गर्ने
- जीवनोपयोगी सामग्रीहरू, प्राथमिक उपचार सामग्रीहरू र गैरखाद्य सामग्रीहरूको ब्यवस्थापन र पूर्वभण्डारण गर्ने।

## ११. सरोकारवालाहरूको संलग्नता र जिम्मेवारी

- स्थानीय विपद् व्यवस्थापन समितिले स्थानीय तहमा आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना र सञ्चालनमा नेतृत्वदायी भुमिका निर्वाह गर्दछ।
- स्थानीय विपद् व्यवस्थापन समितिले स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चालनमा बित्तीय तथा मानव श्रोत व्यवस्थापन तथा परिचालन गर्ने ।
- वडा अध्यक्ष सहित हरेक कार्यपालिकाका सदस्यहरूले स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द स्थापना र कार्यसञ्चालनका लागि आयोजित कार्यशालाको सहजीकरणमा नेतृत्व लिनुपर्नेछ।
- सम्बन्धित नगरपालिकाका कर्मचारीहरूले स्थानीय सरकारका प्रतिनिधिहरूलाई पर्याप्त सुचना सङ्कलन र दस्तावेज निर्माणमा सहयोग गर्नुपर्नेछ।
- सामुदायिक संघसंस्था, गैरसरकारी संस्थाहरू, विद्यमान सामुदायिक तथा वडा विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी र अन्य व्यवसायिक समुहका प्रतिनिधिहरूले कार्यशालामा सहभागी भएर आफ्नो पृष्ठपोषण प्रदान गर्नुपर्नेछ।
- स्थानीय समुदाय,नागरिक समाज, महिला समुहहरू, बालबालिकाहरू, युवा क्लबहरू, विद्यालयका शिक्षकहरू र संकटासन्न समुदायका प्रतिनिधिहरू लगायत विपद् प्रभावितहरूले स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र स्थापनाका लागि आयोजित परामर्श बैठकहरूमा सहभागीता जनाइ यसको स्थापना र कार्यसञ्चालनमा सहयोग प्रदान गनुपर्नेछ।

## १२. आपत्कालीन अवस्थामा स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रका कार्यहरू

- नीति तथा रणनीतिगत मार्गदर्शन गर्ने।
- कार्यक्षेत्रमा सहयोग गर्ने र विपद्का परिणामहरूको व्यवस्थापन गर्ने।
- सुचना सङ्कलन, विश्लेषण र प्रसारण गर्ने।
- विभिन्न विभाग र निकायहरूसंग समन्वय गर्ने ।
- श्रोत व्यवस्थापन तथा परिचालन गर्ने ।
- आन्तरिक तथा बाह्य सञ्चारलाइ व्यवस्थित गर्ने ।
- विपद् पूर्वतयारी र व्यवस्थापन सम्बन्धि उपयुक्त सन्देशहरु तयार गरी सार्वजनिक रुपमा प्रसारण गर्ने ।
- उपलब्ध श्रोतहरूको समुचित रुपमा वितरण गर्ने ।
- सुचना व्यवस्थापन र वितरण ।
- विपद्को समयमा सुरक्षा निकायहरुसँग समन्वय गरी खोज उद्धार र प्रतिकार्यलाइ प्राथमिकतामा राखी कार्यान्वयन गर्ने।
- विपद् प्रभावित र संकटासन्न समुदायलाइ कानुनी र वित्तीय सहायता प्रदान गर्ने।
- विभिन्न निकाय र सरकारका विभिन्न तहसँग सहयोगको लागि समन्वयात्मक रुपमा कार्य गर्ने ।

## १३. केन्द्रको कार्यसञ्चालन कार्यविधी (Standard Operating Procedure–SOP) निर्माण प्रक्रिया

| चरण | विधि | क्रियाकलाप | नतिजा |
|---|---|---|---|
| स्थान, समय र मानव संसाधनको लेखाजोखा | स्थानीय तहसँग बैठक | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको आवश्यकता र महत्व सम्बन्धी छलफल | स्थान र मानवश्रोत उपलब्ध गराउने |
| आवश्यकता पहिचान | चेकलिष्ट | विभिन्न सरोकारवालाबीच छलफल | केन्द्रको आवश्यकता |
| कार्यविधिको मस्यौदा लेखन | छलफल, गोष्ठी | कार्यविधिको खाका प्रस्तुती, छलफल र लेखन | कार्यविधिको मस्यौदा तयारी |
| कार्यविधिको अन्तिम तयारी | पृष्ठपोषणको लागि पेश गर्ने | पृष्ठपोषण सङ्कलन, समिक्षा र सम्बोधन | अन्तिम मस्यौदा |
| स्वीकृति र कार्यान्वयन | प्रस्तुतिकरण तथा हस्तान्तरण | नगरस्तरीय सरोकारवालाहरूलाई अभिमुखीकरण | कार्यविधि स्वीकृति र लागू |

## १४. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको अनुगमन तथा मुल्याङ्कन

स्थानीय आपत्कालीनकार्यसञ्चालन केन्द्रको प्रभावकारी सञ्चालन र दिगोपनाको सुनिश्चितता गर्न निरन्तर अनुगमन तथा मूल्याङ्कन आवश्यक छ। यस प्रक्रियाले केन्द्रको कार्यक्षमता, स्रोत व्यवस्थापन, र सेवा प्रवाहको प्रभावकारिताको मूल्याङ्कन गर्न सहयोग पुऱ्याउछ। अनुगमनका लागि नियमित प्रतिवेदन, क्षेत्र भ्रमण, पूर्वाभ्यास (Mock Drill), र समुदाय तथा लाभग्राहीहरुको प्रत्यक्ष प्रतिक्रिया संकलन जस्ता विधिहरु अवलम्बन गरिन्छ। अनुगमन समितिले केन्द्रको सूचना व्यवस्थापन, स्रोत परिचालन, समन्वय क्षमता, र प्रतिक्रिया समयजस्ता सूचकहरुको आधारमा मूल्याङ्कन गर्दछ।

अनुगमनबाट पहिचान गरिएका कमजोरीहरुलाई सुधार्न कार्ययोजना तयार गरी कार्यान्वयन गरिन्छ। साथै, कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि तालिम प्रदान गर्ने, पृष्ठपोषणका आधारमा नीति र योजना परिमार्जन गर्ने, र सम्बन्धित निकायहरुसँग समन्वय गरी सुधारात्मक उपाय लागू गर्ने प्रक्रियाहरु अगाडि बढाइन्छ। प्रत्येक मूल्याङ्कनपछि प्रतिवेदन तयार गरी सिफारिस कार्यान्वयनका लागि स्थानीय सरकार र अन्य सरोकारवालालाई बुझाउनु पर्नेछ। यसले आपत्कालीन व्यवस्थापनमा केन्द्रको प्रभावकारिता र उत्तरदायित्वलाई थप सुदृढ पार्न सहयोग गर्दछ।

## १५. स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन कार्यविधी पुनरावलोकन तथा परिमार्जन

स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यलाइ समयानुकुल चुस्त दुरुस्त र प्रभावकारी बनाउनका लागि स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालन कार्यविधीलाइ केन्द्र सञ्चालक समिति, स्थानीय विपद् व्यवस्थापन समिति र सरोकारवालाहरुको सहभागितामा कम्तिमा २ वर्षमा पुनरावलोकन तथा परिमार्जन गरिने छ। आवश्यकता आधारमा २ वर्ष भन्दा अगाडी परिमार्जन गर्नुपर्ने भएमा यसले कुनै बाधा पुऱ्याउने छैन।

### सन्दर्भ सामग्री


- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ (संशोधन सहित २०७५)
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- आपत्कालीन संचार प्रणालीको तहगत आबद्धता र सञ्चालन मापदण्ड, २०७५
- राष्ट्रिय विपद् प्रतिकार्य कार्यढाँचा २०७० (संशोधन २०७५)
- विपद् लेखाजोखा मार्गदर्शन -२०७२ को प्रारम्भिक द्रुत लेखाजोखा [Initial Rapid Assessment (IRA) खण्ड (प्रथम संशोधन, २०७८)
- संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रालयले तयार गरेको गाउँपालिका/नगरपालिका आपत्कालीन कार्यसञ्चालन केन्द्र कार्यसञ्चालन विधि (नमूना)

## नेपाल पुर्वतयारी साझेदारी (Nepal Preparedness Partnership –NPP)

नेपालको भौगोलिक बनावट, जलवायु परिवर्तनका प्रभाव तथा तीव्र मानव गतिविधिका कारण नेपाल भूकम्प, बाढी, पहिरो र डुबान जस्ता प्राकृतिक विपद्को उच्च जोखिममा रहेको देश हो, जसका कारण विपद् जोखिम न्यूनीकरण राष्ट्रिय प्राथमिकताका रुपमा स्थापित भएको छ। अव्यवस्थित सहरीकरण, कमजोर भौतिक संरचना तथा स्थानीय तहमा सीमित प्राविधिक र संस्थागत क्षमताका कारण जोखिम अझ बढिरहेको छ। यसलाई सम्बोधन गर्न नेपालले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०१७ र विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८ लगायत कानुनी तथा नीतिगत व्यवस्था लागू गरेको भए पनि नीति कार्यान्वयन, स्रोत परिचालन र संस्थागत समन्वयमा अझै चुनौतीहरु देखिन्छन्, विशेषगरी महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा सामाजिक रुपमा पछाडि परेका समुदायहरु विपद्को असमान प्रभावबाट बढी प्रभावित हुन्छन् ।

यस सन्दर्भमा बहुपक्षीय समन्वय सुदृढ गर्न नेपाल पूर्वतयारी साझेदारी (Nepal Preparedness Partnership – NPP) कार्यक्रम सञ्चालन गरिएको छ, जुन नेपाल सरकार गृह मन्त्रालय विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाको मार्गदर्शनमा राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र नेपाल (NDRC, Nepal) द्वारा कार्यान्वयन हुँदै आएको छ। यस कार्यक्रमले सरकार, नागरिक समाज, निजी क्षेत्र, प्राज्ञिक संस्थाहरु र स्थानीय तहबीच साझेदारी र सहकार्य प्रवर्द्धन गर्दै स्थानीय नेतृत्वमा आधारित विपद् व्यवस्थापन तथा समुदायको प्रतिरोधात्मक क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ। यसको रणनीतिक निर्देशनका लागि नेपाल सरकार गृह मन्त्रालय विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाको नेतृत्वमा गठन गरिएको राष्ट्रिय निर्देशक समिति (NSC) मा सरकार, मानवीय संस्था, प्राज्ञिक संस्थानहरु र निजी क्षेत्र लगायत प्रमुख सरोकारवाला संस्थाहरुको सहभागिता रहेको छ, जसले साझेदारी, क्षमता विकास र समुदायको सक्रिय सहभागितामार्फत सुरक्षित र पूर्वतयारीयुक्त समुदाय निर्माणलाई प्रवर्द्धन गर्दै आएको छ।

## नेपाल पुर्वतयारी साझेदारी (NPP) कार्यक्रमः


नेपाल पूर्वतयारी साझेदारी (NPP) कार्यक्रम एशियाली पूर्वतयारी साझेदारी (APP) अन्तर्गत एसियाली विपद् पूर्वतयारी केन्द्र (ADPC) को सहयोगमा नेपालमा सञ्चालन गरिएको क्षेत्रीय पहल हो, जसले प्रकोप पूर्वतयारी, आपत्कालीन प्रतिकार्य र पुनःस्थापनामा स्थानीय तहको नेतृत्व सुदृढ गर्दै सरकार, मानवीय संस्था, शिक्षा तथा निजी क्षेत्रबीच सहकार्यमार्फत क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको छ। नेपाल लगाएत क्याम्बोडिया, म्यानमार, लाओस, पाकिस्तान, फिलिपिन्स र श्रीलङ्का जस्ता देशहरुमा सञ्चालन भइरहेको यस कार्यक्रमलाई नेपालमा नेपाल सरकार गृह मन्त्रालय विपद् तथा द्वन्द्व व्यवस्थापन महाशाखाको मार्गदर्शनमा कार्यान्वयन गरिएको छ। सन् २०१७ देखि यस अन्तरगतका परियोजनाहरु नियमितरूपमा सञ्चालनमा रहेका छन्। हाल तेस्रो चरणका क्रियाकलापहरु सञ्चालन भइहरेको यो परियोजना समुदाय, स्थानीय तह, प्रदेश र संघीय तहमा विपद् पूर्वतयारी र प्रतिकार्य क्षमता सुदृढीकरणमा केन्द्रित रहेको छ।

हाल NPP कार्यक्रम चितवन जिल्लाका इच्छाकामना गाउँपालिका, कालिका, खैरहनी, रत्ननगर, राप्ती र माडी नगरपालिकामा विपद् पूर्वतयारी र प्रतिकार्य क्षमता सुदृढीकरण स्थानीय तहका उच्च जोखिमयुक्त वडाहरुमा केन्द्रित भई स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र (LEOC) स्थापना, सामुदायिक विपद् जोखिम न्यूनीकरण सम्बन्धी ज्ञान, सचेतना तथा क्षमता अभिवृद्धि, बहु-क्षेत्रीय समन्वय, साझेदारी तथा स्रोत आदान-प्रदानलाई बलियो बनाउँदै लैंगिक समानता, अपाङ्गता र सामाजिक समावेशीकरण (GEDSI) लाई एकीकृत गरी प्रभावकारी विपद् व्यवस्थापन प्रणाली प्रवर्द्धन गर्ने कार्यहरु निम्न चरणमा कार्यान्वयन भएका छन्ः

- पहिलो चरण (२०१६-२०१९)ः सह-सिर्जना र परिचालनमा केन्द्रित।
- दोस्रो चरण (२०१९-२०२३)ः कार्यान्वयनमा केन्द्रित।
- तेस्रो चरण (२०२३-२०२६)ः एकीकरण, विस्तार र दिगो बनाउने उद्देश्यमा केन्द्रित।

## नेपालमा एनपीपी यात्रा

नेपाल पूर्वतयारी साझेदारी (NPP) सन् २०१७ मा स्थापना गरिएको हो। यसको उद्देश्य सरकारी निकाय, स्थानीय मानवीय संघसंस्था र निजी क्षेत्रबीच समन्वय र साझेदारी सुधार गरी समुदायको प्रतिरोधात्मक क्षमता वृद्धि गर्नु हो। यसले सरकारी निकाय, निजी क्षेत्र, शैक्षिक संस्था, मिडिया र स्थानीय मानवीय कार्यकर्ताबीच सहकार्य प्रवर्द्धन गरी प्रकोप पूर्वतयारी र प्रतिकार्य क्षमतामा सुधार ल्याउँछ। साथै, साझेदारी, ज्ञान स्रोत, तालिम र नेटवर्किङ अवसरहरु सिर्जना गरेर प्रतिक्रिया र पुनःस्थापनालाई प्रभावकारी बनाउने लक्ष्य राख्दछ ।



## राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र, नेपालः एक झलक

सन् २००७ मा उत्थानशील समुदाय निर्माण गर्ने उद्देश्यका साथ स्थापित राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र, नेपाल (NDRC Nepal) ले नेपालका ६९ जिल्लामा विपद् व्यवस्थापन, जलवायु परिवर्तन, जीविकोपार्जन, जैविक विविधता संरक्षण सम्बन्धी अनुसन्धान, परियोजना कार्यान्वयन, र ज्ञान व्यवस्थापनका विविध कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ।

NDRC Nepal ले विभिन्न परियोजनामा राष्ट्रिय कार्यान्वयन साझेदार संस्थाका रुपमा काम गर्दै आएको छ। स्थानीय तहमा प्राप्त सिकाइ तथा अनुभवलाई स्थानीय र राष्ट्रिय स्तरका नीतिगत बहसमा प्रवाहित गर्न, विपद् व्यवस्थापनलाई मुख्यधारमा ल्याउन, तथा सम्बन्धित सरोकारवाला निकायहरुसँग सहकार्य गर्दै धेरै महत्वपूर्ण गतिविधिहरु सञ्चालन गर्दै आएको छ। यस संस्थाले सहरी विपद् व्यवस्थापनका लागि "सुरक्षित सहर" तथा "प्रगति" परियोजना, सुरक्षित विद्यालय कार्यक्रम, र स्थानीय नेतृत्वमा आधारित विपद् जोखिम न्यूनीकरण कार्यक्रमहरु सञ्चालन गरिरहेको छ। साथै, चितवन, बाँके, बर्दिया, दाङ, कैलाली र दार्चुला जिल्लामा आपत्कालीन कार्यसञ्चालन केन्द्रहरुको सूचना व्यवस्थापन र सुदृढीकरणमा पनि अग्रणी भूमिका निर्वाह गरिरहेको छ।

सन् २०१७ र सन् २०१६ मा बाणगंगा जलाधार क्षेत्रमा जैविक विविधताको संरक्षण, कृषि प्रवर्द्धन तथा जलवायु परिवर्तन अनुकूलनमा संस्थाले गरेको उदाहरणीय कार्यका आधारमा NDRC Nepal Solution Search: Farming for Biodiversity/International Climate Initiative (२०१७) अन्तर्गत Judges' Choice Prize तथा Adaptation at Scale Prize/DFID (२०१६) अन्तर्गत प्रोत्साहन पुरस्कार प्राप्त गरी सम्मानित भएको छ।


**राष्ट्रिय प्रकोप जोखिम न्यूनीकरण केन्द्र (NDRC Nepal)**

**नयाँ बानेश्वर, काठमाडौं, राधामोहन मार्ग- १६२, GPO Box ९४६०**

**काठमाडौं, नेपाल**

**फोनः +९७७-०१-४५८२७३८**

**इमेलः ndrcnepal.org@gmail.com, URL: www.ndrcnepal.org.np**


9789905-9947-2-0